आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १३ जुलाई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. भारतले यस वर्ष गोवामा हुने पहिलो विश्व अडियो भ्जिुअल मनोरंजन शिखर सम्मेलन वेब को मेजमानी गर्नेछ।

२. न्यायधिश न्यायमूर्ति अमृता सिन्हाले अब उसो प्राथमिक शिक्षकहरूको भर्तीमा अनियमिताहरूसित सम्बन्धित मामलाहरूको सुनवाई गर्नुहुनेछ।

३. आज आदिकवि भानुभक्त आचार्यको २१० औं जन्म जयन्ती दार्जीलिङ पहाड़का विभिन्न भागहरूमा भव्यताको साथ पालन गरियो।

४. मुख्य मंत्री ममता व्यानर्जी, सांसद राजु विष्ट अनि जी.टि.ए का प्रमुख कर्यपाल अनित थापाले भानु जयन्तीको अवसरमा उहाँललाई श्रदाजंली अपर्ण गरेका छन्।

५. जीटिए का प्रमुख कार्यपाल अनित थापाले स्व. सुबास घिसिंगको सम्मानमा आगामी वर्षदेखि सर्वोच्च नागरिक सम्मान पुरस्कार प्रदान गरिने घोषणा गर्नुभएको छ।

वेव्स शिखर सम्मेलन

भारतले यस वर्ष आगामी २० देखि २४ नवंबर सम्म गोवामा पहिलो विश्व ऑडियो विजुअल मनोरंजन शिखर सम्मेलन . **वेव्स** को मेजबानी गर्नेछ। आज दिल्लीमा गोवाका मुख्यमंत्री प्रमोद सावंतले भन्नुभयो - भारत विश्वको सबैभन्दा ठुलो फिल्म निर्माता देशहरु मद्धे एक हो। वेव्स भारतको मीडिया अनि मनोरंजन उद्योगको भविष्यलाई आकार दिने महत्वपूर्ण आयोजन सिद्ध हुने उहाले बताउनुभयो। कार्यक्रमलाई संबोधित गर्नुहुदै सूचना अनि प्रसारण मंत्री अश्विनी वैष्णवले भन्नुभयो कि वेव्स भारत को मनोरंजन उद्योगको विकासमा एउटा महत्वपूर्ण माईलखुट्टी सिद्ध हुनेछ । उहाले यस बिषयमाथि प्रकाश पर्नुभयो कि मीडिया अनि मनोरंजन उद्योगमा अधिक नौकरिहरु उत्पन्न गराउने बिषयमाथि ध्यान केंद्रित गरिएको छ।

****** ० ******

**कलकत्ता उच्च न्यायालय**

कलकत्ता उच्च न्यायालयको एकल पीठका जज न्यायमूर्ति अमृता सिन्हाले अब देखि पश्चिम बंगालको राज्य संचालित बिद्यालयहरुमा प्राथमिक शिक्षकहरुको भर्तीमा अनियमितताहरु सित संबंधित मामलाहरुको सुनवाई गर्नुहुनेछ। पहिला यो मामला न्यायमूर्ति राजशेखर मंथाको पीठमा विचाराधीन थियो ।कलकत्ता उच्च न्यायालयको अन्तरिक शुत्रहरु अनुसारए न्यायमूर्ति मंथालाई एउटा डिवीजन बेंचको प्रमुख बनाईएको छ र यसैले प्राथमिक शिक्षकहरुको भर्तीको मामलाको सुनवाई जो अहिले सम्म उहाको पीठमा भैरहेको थियो अब न्यायमूर्ति सिन्हाको पीठमा यसको सुनवाई हुनेछ । यसको साथै केहि पुलिस मामलाहरुसित सम्बन्धित मामलाहरू न्यायमूर्ति सिन्हाको पीठ बाट हटाएर न्यायमूर्ति राजर्षि भारद्वाजको पीठमा स्थानांतरित गरिनेछ।

****** ० ******

**पश्चिम बंगाल-विधानसभा चुनाव**

पश्चिम बंगालमा रिक्त भएको विधानसभाको चार सिटहरुमा एक पल्ट फेरी तृणमूलकाँग्रेसले भाजपालाई गत्तिलो झटका दिएको छ। पश्चिम बंगालको जुन चार सिटहरुमा उपचुनाव भएको थियो ती सबैमा पार्टीले जीत दर्ता गरेको छ। ती मद्धे मानिकतलाए

रानाघाट दक्षिण अनि बगदाह दक्षिण बंगालमा छ जबकि रायगंज उत्तर बंगालमा पर्दछ । वर्ष २०२१ मा भएको विधानसभा चुनावमा भाजपाले राणाघाट दक्षिणए बगदाह अनि रायगंजबाट जीत प्राप्त गरेको थियो जबकि तृणमूलले मानिकतला सीटमा जीत प्राप्त गरेको थियो। फरवरी २०२२ मा पूर्व राज्य मंत्री साधन पांडेको निधनपछि मानिकतला सीट खाली भएको थियो। यस पल्ट तृणमूलले मानिकतला सीट सुरक्षित गर्नको साथै सबै चार सिटहरु जितेको छ ।मतगणनाको सबै दश चरणहरु भएपछि अखिल भारतीय तृणमूल कांग्रेसका उम्मीदवार कृष्ण कल्याणीले रायगंज विधानसभा सीटमा ८५ हजार भन्दा अधिक मथारुले जीत प्राप्त गरेका छन्। उनले निकटतम प्रतिद्वंद्वी अनि भाजपा उम्मीदवार मानस कुमार घोषलाई ५० हजार भन्दा अधिक मतहरुले पराजित गरेका छन्। रायगंज बाहेक बगदामा तृणमूल उम्मीदवार मधुपर्णा ठाकुर ३० हजार भन्दा अधिक मतहरुले विजयी भएका छन् । राणाघाट दक्षिण सीट बाट तृणमूलका मुकुट मणि अधिकारी विजयी बने। उहाले भाजपाका मनोज कुमार विस्वासलाई ३९ हजार ४८ वोटहरुले पराजित गरे। तृणमूल उम्मीदवार कृष्णा कल्याणीलेले रायगंज विधानसभा सीट जितेका छन्। उनले भाजपाका मानस कुमार घोषलाई ५० हजार ७७ वोटहरुले पराजित गरेका छन्।

****** ० ******

## भानु जयन्ती ममता

**पशिमच बंगालकी मुख्यमंत्री ममता व्यानर्जीले आज कवि भानुभक्त आचार्यको जयन्तीमा उनलाई श्रदाजंली अर्पण गर्नुभएको छ। सुश्री व्यानर्जीले भन्नुभ्झएको छ कवि भानुभक्त आचार्यलाइ नेपाली साहित्य अनि समाजमा उनको उत्कृष्ट योगदानका लागि सदैव स्मरण गरिनेछ। यसैबीच दार्जीलिङ लोकसभा सांसद राजु विष्ट , जीटिए का प्रमुख कार्यपाल अनित थापा लागायत विभिन्न राजनीतिक दलका नेताहरूले पनि भनु जयन्तीको अवसरमा मानिसहरूलाई बधाई र शुभकामना दिनुभएको छ।**

****** ० ******

## भानु जयन्ती खरसांग

गोर्खा जनपुस्तकालय र सूचना एवं सांस्कृतिक विभाग खरसाङको आयोजनामा आदि कवि भानुभक्त आचार्यको २११औं जन्म जयन्ती समारोह सम्पन्न गरियो। खरसाङमा दुई सत्रमा भानु जयन्ती कार्यक्रम सम्पन्न गरिएको थियो । यस अन्तर्गत पूर्वाध्र्दको कार्यक्रम खरसाङको गोर्खा जातीय विभूति उद्यानमा आदि कवि भानुभक्त आचार्यलाई श्रद्धाञ्जली अर्पण गरिने कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रममा सभाध्यक्षको रूपमा गोर्खा जनपुस्तकालय खरसाङको अध्यक्ष रबीनकुमार प्रधान अनि विशिष्ट अतिथिको रूपमा खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङए जीटीएको सभासद श्याम शेर्पाए आकाशणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आलेए वरिष्ठ नाट्य कलाकार बिनोदप्रकाश शर्मा लगायत स्थानीय मानिसहरुको उपस्थिति रहेको थियो ।कार्यक्रममा सभाध्यक्ष र विशिष्ट अतिथिहरूका बाहुलीबाट आदि कवि भानुभक्त आचार्यको सालिगमा माल्यार्पण एवं खदार्पणसहित धुप दीप प्रज्वलन गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो। यसका साथै उपस्थित विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरूए विभिन्न विद्यालयहरूका शिक्षक शिक्षिकाहरूए विद्यार्थीहरू र उपस्थित सबैको तर्फबाट आदि कवि भानुभक्त आचार्यको तस्वीरमा श्रद्धाञ्जली अर्पण गरियो।

कार्यक्रममा आदि कवि भानुभक्त आचार्यद्वारा लिखित रामायण पाठ सूचना अनि सांस्कृतिक विभाग खरसाङका कलाकारहरूले प्रस्तुत गरेका थिए। यस श्रद्धाञ्जली कार्यक्रम विषयमा पत्रकारहरूसित कुराकानी गर्दै गोर्खा जनपुस्तकालय खरसाङको मूल सचिव विनोद रसाईलीले गोर्खा जनपुस्तकालय खरसाङ र सूचना अनि सांस्कृतिक विभाग खरसाङको संयुक्त आयोजनामा खरसाङमा आदि कवि भानुभक्त आचार्यको २११औं जन्म जयन्ती पालन गरिएको बताए। यस कार्यक्रम दुई भागमा आयोजना गरिएकोए जसमा पूर्वाध्र्दमा खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा रहेको आदि कवि भानुभक्त आचार्यको सालिगमा श्रद्धाञ्जली अर्पण कार्यक्रम सम्पन्न गरिएको र उत्तराध्र्दको कार्यक्रममा विभिन्न विद्यालयहरूका विद्यार्थीहरूलाई लिएर आदि कवि भानुभक्त आचार्यद्वारा लिखित फुटकर कविता आवृत्ति प्रतियोगिता र रामायण पाठ प्रतियोगिता आयोजना गरिएको जानकारी गराए।उनले सबैतिर भानु जयन्ती २१० औं पालन गरिए पनि गोर्खा जनपुस्तकालय खरसाङले २१० औं भानु जयन्ती समारोह पालन

गरिरहेको बताउँदै यसको कारण जन्म वर्षलाई पनि एक गणना गरिनु पर्ने र यस विषयमा एकरूपता आउनु पर्ने आवश्यकता रहेको बताए।

****** ० ******

**भानु जयन्ती दार्जीलिङ**

सूचना एवं सांस्कृकतिक विभाग , पिश्मच बंगालप सरकार अनि गोर्खालयाण्ड क्षेत्रिय प्रशासनको संयुक्त तत्वाधानमा आदिवकवि भानुभक्त आचार्यको २१० औं जन्म जरूयन्ती चौरास्तामा भव्य रूपमा पालन गरियो। यस काग्रक्रमा प्रुख अतिथिका रूपमा मंत्री श्री उदयन गुहा अनि विशिष्ट अतिथिमा जीटिए का मुख्य कार्यपाल अनित थापा हुनुहुन्थ्यो। यसै अवधि भानुभक्त स्मृति पुरस्कार , साहित्यकार मातृका गजमेरलाई प्रदान गरियो , मास्टर मित्रसेन थापा स्कृति पुरस्कार लोक वाध्यवादक आर.सी मिजारलाई प्रदान गरियो, पाद्री गंगा प्रसाद प्रधान स्मृत पुरस्कार पत्रकार संजय प्रधानलाई प्रदान गरियो, जी डगलस स्मृति पुरस्कारत्रिकार महेन्द्र थामीलाई प्रदान गरियो भने जितेन्द्र बरदेवालाई मरणे परान्त धनवीर मुख्यिा स्मृति पुरस्कार प्रदान गरियो। अर्कोतिर नेपाली साहित्य सम्मेलन दार्जीलिङले पनि भानु जयन्ती भव्य रूपमा पालन गरेको समाचार प्राप्त भएको छ जसमा कवि भानुभक्त माथि वक्ताहरूले वक्तव्य प्रस्तुत गरे साथ रामायण पाठ , कविता वाचन पनि प्रस्तुत गरियो

****** ० ******

**बखान मोक्तान स्मृति पुरस्कार**

बर्ष २०१२ मा स्थापित नेपाली साहित्यिक मञ्च पेदोङए  कालेबुङले प्रतिवर्ष आफ्ना विभिन्न साहित्यिक कार्यक्रमहरू आयोजना गर्ने गरेको छ। गत वर्षझैं यस वर्ष पनि नेपाली भाषी सन्तानलाई एकसूत्रमा बाँध्ने अग्रदूत आदिकवि भानुभक्त आचार्य-को २१०औं जन्मजयन्ती आज नेपाली साहित्यिक मञ्चए  पेदोङको तत्त्वावधानमा सम्पन्न भयो। आजको कार्यक्रमको पहिलो चरणमा भानुभक्त आचार्यको सालिग परिसरबाट आदिकवि भानुभक्त आचार्यको मूर्तिमा माल्यार्पण गरेर प्रारम्भ भएको थियो। यसरीनै कार्यक्रमको दोस्रो चरण सन्त जर्ज छात्रवास भवनमा गरिएको थियो। यस गरिमामय अवसरमा यसवर्षको प्रथम बखान मोक्तान स्मृति पुरस्कार खरसाङ महाविद्यालयका प्राध्यापक एवम् समालोचक डा योगेश खातीलाई एउटा भव्य कार्यक्रमबिच प्रदान गरियो। यो पुरस्कार भारतीय नेपाली समालोचना साहित्यअन्तर्गत उहाको योगदानलाई प्रोत्साहन गर्दै प्रदान गरिएको हो।

****** ० ******

**अनितथापा**

आज दार्जीलिङमा जीटिए का प्रमुख कार्यपाल अनित थापाले दार्जीलिङ गोर्खा पार्वत्य परिष्दका पूर्व अध्यक्ष स्वर्गीय सुबास झिघसिंगको सम्मान अनि स्मृतिमा उहाँको जन्म दिनमा आगामी वर्ष देखि जीटिए द्वारा सर्वोच्च नागरिक सम्मान पुरस्कार प्रदान गर्ने घोषणा गर्नुभएको छ।

****** ० ******

**पवन चामलिंग**

पूर्व मुख्यमन्त्री तथा एसडीएफ पार्टी अध्यक्ष पवन चामलिङले नेपालीका जातीय कवि भानुभक्त आचार्यको  जन्मजयन्तीको सुखद उपलक्ष्यमा सिक्किमेली जनगण तथा विश्वभरि छरिएका कर्मरत नेपाली भाषीहरूमा हार्दिक अभिनन्दन जनाएका छन्।

उनले भनेका छन्ए  श्आदिकवि भानुभक्त आचार्य नेपाली भाषालाई आधुनिकतातर्फ दोहोर्‍याउने अग्रणी साहित्य साधक हुन्। भानुभक्तको रामायणपछि नेपाली भाषाए  साहित्यले एउटा नयाँ युगमा प्रवेश गरेकोले  उनी युगप्रवर्त्तक एवं जातीय कवि ठहरिन्छन्।

****** ० ******

**मिरिक- भानु जयन्ती**

मिरिकको एक प्रतिष्ठित अंग्रेजी स्कूलमा २१० औ भानु जयन्ती समारोह भव्यताको साथमा सम्पन्न गरियो। विद्यालयको प्रेक्षागृहमा सम्पन्न समारोहमा स्कूलका प्राचार्य लियोनार्ड सुब्बा प्रमुख रूपमा उपस्थित थिए भने सह शिक्षक शिक्षिकागणए अशिक्षण कर्मचारी एवं विद्यार्थीहरूको उपस्थिति  रहेको थियो। सह शिक्षक शिवकुमार घिमिरेले सञ्चालन गरेको कार्यक्रममा आदि कवि भानुभक्त आचार्यको प्रतिकृतिमा  दीप धुप प्रज्वलन गरेपछि शुरू भएको  कार्यक्रममा विद्यार्थीहरूले रामायण पाठ गरेका थिए। यसरी नै विद्यार्थीहरूले कार्यक्रममा कविताएगीत अनि नृत्य प्रस्तुत गरे। कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा सह

शिक्षक शिवकुमार घिमिरेले आफूहरूले विद्यार्थीहरूको परीक्षालाई मध्यनजर गर्दै यस वर्ष छोटो समयमा नै कार्यक्रम सम्पन्न गरेको बताए। उनले आफ्नो जातीय भाषाए  संस्कृतिलाई सबैले संरक्षण गर्नु पर्ने कुरोमा जोड दिँदै यदि आफ्नो भाषा  र संस्कृति नबाचे जातिको लोप हुने बताउदै यसको महत्वबारे विद्यार्थीहरूलाई सचेत गराउनका लागि विद्यालयले प्रत्येक वर्ष  भानु जयन्ती समारोह मनाउदै आइरहेको बताए।

****** ० ******

**मेची- युवतीको मृतु**

सिलगढ़ी महकुमाको खोरीबाड़ी संलग्न भारत-नेपाल सीमा पानीट्यांकीस्थित मेची नदीबाट शनिवार एक अज्ञात युवतीको शव उद्धार गरिएको छ। उक्त घटनाको कारणले क्षेत्रमा सन्त्राष व्याप्त भएको छ।स्थानीय सूत्र अनुसार कतिपय मानिसहरू पानीट्यांकी संलग्न मेची नदी तरेर नेपालदेखि भारत तर्फ गइरहेका थिए। यसै क्रममा एकजना युवती नदीभित्र लड़िन्। नदीमा पानी अधिक भएको कारणले हेर्दा-हेर्दै युवतीलाई बगायो। त्यसपछि घटनाको जानकारी नेपाल पुलिसलाई दिइयो। नेपाल प्रशासनले गोताखोरहरूको सहयोगले युवतीलाई खोज्न शुरू गऱ्यो र भारत-नेपाल सीमाको पिलर नम्बर ६१.बाट युवतीको शव उद्धार गरियो। सूचना पाएर खोरीबाड़ी थानाको पानीट्यांकी चौकीको पुलिस घटनास्थलमा पुग्यो। पुलिसले शवलाई उद्धार गरी पोस्टमर्टम गर्नको लागि उत्तर बंगाल मेडिकल कलेज एवं हस्पिटलमा पठाइदियो। युवतीको पहिचान अहिलेसम्म हुन सकेको छैन।

****** ० ******